# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. २०८२/२०८३
च.नं. ७२५८

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/३२)

विषयः प्रधानाध्यापक पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ९३ बमोजिम देहायको विद्यालयमा प्रधानाध्यापक पदपूर्ति गर्नुपर्ने भएकोले ऐ.ऐ. नियमावली र नियमको उपनियम (२) वमोजिम सम्वन्धित विद्यालयको सम्वन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्येवाट प्रधानाध्यापक नियुक्तिका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजात सहित सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति समक्ष कागजात पेस गर्नुहुन अनुरोध छ।

१. विवरण

| क्र.सं. | विज्ञापन नम्बर | विद्यालयको नाम | तह | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | ००१/०८२/०८३ | गुञ्जनगर माध्यमिक विद्यालय, भरतपुर-१८ | माध्यमिक | प्रधानाध्यापक | १ |
| २ | ००२/०८२/०८३ | चमेलीदेवी पिया माध्यमिक विद्यालय, भरतपुर-३ | माध्यमिक | प्रधानाध्यापक | १ |
| ३ | ००३/०८२/०८३ | सिद्धिजनकल्याण आधारभूत विद्यालय, भरतपुर-११ | आधारभूत | प्रधानाध्यापक | १ |

२. योग्यता

माध्यमिक तहको लागि
(१) स्नातकोत्तर तह उत्तीर्ण
(२) शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको

आधारभुत तहको लागि
(१) स्नात्तक तह उतीर्ण
(२) शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको

३. आवश्यक कागजात
(क) उम्मेदवारको निवेदन,
(ख) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) स्थायी नियुक्ति पत्रहरू (बढुवा सहित) को प्रतिलिपि,
(घ) शैक्षिक योग्यताका प्रमाणपत्र (न्यूनतम र माथिल्लो) को प्रतिलिपि,
(ङ) व्यवस्थापन तालिम र शैक्षिक तालिमका प्रमाणपत्रको प्रतिलिपि र
(च) विद्यालय विकास प्रस्ताव ।

सुवासचन्द्र आचार्य
उपसचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्वाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)